# नेपाल राष्ट्र बैंक

## केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग

## बालुवाटार, काठमाण्डौं

## घर बहालमा लिनको लागि प्रस्ताव आव्हान गरिएको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७५/१२/२७)**

नेपालको प्रादेशिक संरचना अनुरुप यस बैंकलाई सबै प्रदेशमा पुऱ्याउने सन्दर्भमा प्रदेश ६ मा यस बैंकको कुनै कार्यालय नरहेको परिप्रेक्ष्यमा उक्त प्रदेश अन्तर्गत पर्ने सुर्खेत जिल्ला,विरेन्द्रनगर नगरपालिकामा उपयुक्त घर भाडामा लिई कार्यालय संचालन गर्न आवश्यक भएकाले नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (तेस्रो संसोधन समेत) को विनियम ९०(१) अनुसार घर बहालमा दिन ईँच्छुक व्यक्ति/फर्म/कम्पनी/सरकारी/गैर सरकारी/संघ/संस्थाहरुबाट निम्न विवरणहरु सहित प्रस्ताव पेश गर्न आव्हान गरिएको छ ।

(क) प्रस्ताव पेश गर्नुपर्ने विभागको नाम र ठेगाना : नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटार, काठमाण्डौ वा नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय ।

(ख) बहालमा लिन खोजेको घर आवश्यक भएको क्षेत्र वा स्थान : विरेद्रनगर नगरपालिका र आसपासका पायक पर्ने स्थान ।

ग) बहालमा लिन खोजेको घरको प्रकृति, क्षेत्रफल र अन्य आवश्यक विवरणहरु देहाय बमोजिम हुनु पर्नेछ ।

१. आर सि.सि स्ट्रक्चर सहितको दुई वा तिन तल्ले भवन हुनुपर्ने र कम्तिमा ३००० वर्ग फिटको क्षेत्रफलमा (Circulation Area समेत ) ७ देखि १० वटा सम्म कोठा र कम्तिमा २ वटा बाथरुम हुनुपर्ने ।

२. कम्तिमा १२ फिट बाटोले छोएको कोरिडोर उपलब्ध हुनुपर्ने ।

३. कम्तीमा ५ वटा गाडिहरु र १० वटा मोटरसाईकलहरु पार्किङ्ग गर्ने सुविधा भएको हुनुपर्ने ।

५. घर र जग्गा घेर्ने गरि आफ्नै सुरक्षित कम्पाउण्ड वाल भएको हुनुपर्ने ।

६. विजुली , ढल निकास र खानेपानी लगायतका पूर्वाधारको यथोचित प्रवन्ध भएको हुनुपर्ने ।

(घ) प्रस्ताव पेश गर्ने तरिका र त्यस्तो प्रस्तावका साथ पेश गर्नु पर्ने न्यूनतम विवरण : प्रस्ताव यस बैंकबाट जारी हुने Request for Proposal (RFP) बमोजिम रितपूर्वक भरी पेश गर्नु पर्ने छ । त्यस्तो प्रस्तावका साथ निम्नानुसारको कागजातहरुको छविचित्र पेश गर्नु पर्नेछ । RFP यस

बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटर काठमाण्डौमा तथा नेपाल राष्ट्र बैंकको नेपालगञ्ज कार्यालयमा निशुल्क उपलव्ध हुनेछ ।

१. जग्गाको लालपूर्जा,

२. जग्गाको ट्रेस नक्सा,

३. सम्वन्धित निकायबाट घरको नक्सा पास गरेको स्वीकृति,

४. घर निर्माण सम्पन्न प्रमाण पत्र/घर निर्माण सम्पन्न भएको तर सम्पन्न प्रमाण पत्र लिन बाँकी भए प्रमाण पत्र लिनका लागि अवधि बाँकि रहेको खुल्ने कागजात,

५. घरको नक्सा ।

(ङ) प्रस्ताव दाखिला गर्ने स्थान र अन्तिम मितिः नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटार, काठमाण्डौ तथा नेपाल राष्ट्र बैंकको नेपालगञ्ज कार्यालयमा उपलव्ध हुनेछ । प्रस्ताव मिति २०७६/०१/१५ गते को कार्यालय समय भित्र पेश गरिसक्नु पर्नेछ ।

(च) बहाल भुक्तानीका शर्तहरु र कर कट्टीको विषयः घर बहाल प्रदान गर्ने घरधनीको बैंक खातामा जम्मा हुने गरी एकाउण्ट पेयी चेक मार्फत भुक्तानी गरिनेछ । नेपालको प्रचलित कानुन अनुसार कर कट्टी गरी भुक्तानी दिइनेछ ।

(छ) अन्य विषयहरु

१. स्थानीय निकायलाई बुझाउनु पर्ने कर, घर कर, शुल्क, तथा मालपोत, र फोहर व्यवस्थापन शुल्क जस्ता दायित्व घर बहालमा दिनेले व्यहोर्नु पर्नेछ ।

२. प्रारम्भमा २ बर्षको लागि भाडाको संझौता गरिनेछ । घरधनी तथा यस बैंकको आपसी सहमतिमा थप समयको लागि संझौता नवीकरण गर्न सकिनेछ ।